# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

www.ganyapadhuramun.gov.np
email: ganapdhurarm@gmail.c
contact no: 9858788707
contact no: 9848433969


गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

प. सं.: २०७९/०८०

च.नं. :

मिति: २०७९/०४/०६

विषयः सुची दर्ता गर्ने सम्बन्धि सूचना।

प्रस्तुत विषयमा यस गाउँपालिकाको चालु आ.व. २०७९/०८० मा आवश्यक पर्ने विभिन्न सेवाहरु खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ (क) र सार्वजनिक खरिद नियमावली,२०६४ को परिच्छेद ३ को नियम १८(१) बमोजिम मौजुदा सूचीमा सुचिकृत हुन इच्छुक व्यक्ति,संस्था,आपूर्तिकर्ता,निर्माण व्यवसायी,परामर्शदाता वा सेवा प्रदायकहरुले देहाय बमोजिमका कागजातहरु समेत आफुले सेवा प्रदान गर्न सक्ने सेवाहरुको विवरण समेत उल्लेख गरी सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा सूचीदर्ताको लागि यसै साथ संलग्न ढाचाँमा विवरण भरी आवेदन पेश गर्नु हुन अनुरोध छ।

.........................................

दिलिप कुमार तामाङ

प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१. आ.व. २०७९/०८० को लागि मान्य भएको इजाजत पत्र वा व्यवसायिक संस्था दर्ता प्रमाण-पत्र (नवीकरण गर्नुपर्ने भए नवीकरण गरेको)को प्रतिलिपि।

२. मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

४. कुन खरिदका लागि मौजुदा सूचिमा दर्ता हुन निवेदन दिइएको हो सो कामकोलागि इजाजत पत्रको प्रतिलिपि

www.ganyapadhuramun.gov.np
email: ganapdhurarm@gmail.c
contact no: 9858788707
contact no: 9848433969


**प. सं.: २०७९/०८०**

| समूह | सूचिकृत हुने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| माल सामान आपूर्ति | स्टेशनरी तथा मसलन्द सामग्री | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाइल, पेन्सिल आदि जस्ता स्टेश्नरी तथा मसलन्द समानहरु आपुर्ति गर्ने सम्बन्धी कार्यहरु |
| | छपाई तथा छपाई सामग्रीको आपूर्ति | विभिन्न छपाइ/ प्रेस सम्बन्धी कार्यहरु |
| | स्वास्थ्य सम्बन्धी औषधि तथा उपकरण | औषधी व्यवस्था विभाग, आयुर्वेद विभाग वा पशुसेव विभाग जस्ता नियमनकारी निकायबाट स्वीकृत भए बमोजिमका विभिन्न औषधीहरु, सर्जिकल उपकरणहरु, ल्याव रसायनहरु जस्ता मेडिकल सामानहरु आपुर्ति सम्बन्धी कार्यहरु |
| | पत्रपत्रिका तथा पुस्तक सम्बन्धी | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिदतथा एजेन्सी लिइ बिक्री वितरण गर्ने सम्बन्धी कार्यहरु |
| | मेशिनरी औजार तथा अन्य उपकरण सम्बन्धी | इलेक्ट्रोनिक समूहमा नपरेका अन्य उपकरणहरु सर्भे औजारहरु लगायत विभिन्न उपकरणहरु |
| | फर्निचर तथा फिक्चर्स सम्बन्धी सामग्री | काठ, स्टिल तथा प्लाष्टिक फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपुर्ति गर्ने सम्बन्धी कार्यहरु |
| | इलेक्ट्रोनिक उपकरण | टेलिफोन, कम्प्युटर प्रिन्टर फोटोकपी मेसिन, फ्याक्स मेसिन जस्ता उपकरणहरुका साथै हिटर, पंखा, तार स्वीच बल्ब तथा विद्युतिकरणका लागि आवश्यक अन्य सामाग्रीहरु |
| | मर्मत सम्भार सेवाहरु | सवारी साधन, विभिन्न मेसिनरी तथा उपकरणहरुको मर्मत तथा पार्टपूर्जा विक्री वितरण समन्धी कार्यहरु |
| | विज्ञापन, सूचना प्रकाशन तथा प्रशारण | रेडियो, टेलिभिजन तथा पत्रपत्रिका वा अन्य माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रसारण गर्ने गराउने सम्बन्धी कार्यहरु |
| | मल,विउ तथा कृषि औजार | कृषि मल बिउ बिजन तथा कृषि औजार सम्बन्धी कार्य |
| | पशुपन्छी उपचार सामग्री तथा औषधिहरु | भेट्नरी, पशु फर्म आदि जस्ता निकायका लागि आवश्यक पशुपंक्षी उपचार सामाग्री, औषधीहरु, दाना तथा आहार आपुर्ति। |
| | ईन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्त भइ प्रदान गर्ने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा र सो सम्बद्ध सेवाहरु |
| | नेटवर्किङ्ग सम्बन्धी कार्य | कम्प्युटर नेटवर्किङ्ग तथा सोमा प्रयोगहुने साधन वा सेवाहरु |
| | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय सञ्चालन, सूचना तथा तथ्याङ्क भण्डारण, विश्लेषण, तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफ्टवेयर प्रोग्रामहरुको आपुर्ति सम्बन्धी कार्यहरु |
| | खानेपानी आपुर्ति तथा धारा जडान सम्बन्धी कार्य | मिनरल वाटर (जार, बोत्ल), ट्याङ्करबाट खानेपानी आपुर्ति गर्ने वा खानेपानीको लागि धारा जडान गर्दा गर्नुपर्ने पाइप तथा फिटिङ्ग सम्बन्धी कार्य |
| | रासन खरिद सम्बन्धी कार्य | खाद्यान्न आपुर्त गर्नुपर्ने अस्पताल, भेटेरिनरी आदिका साथै सुरक्षा निकाय र खाद्यान्न प्राप्त गर्ने निकायका कार्मचारीलाई खाद्यान्न साथै दुध, दही, घ्यू, तेल जस्ता पेय/खाद्य सामाग्री आपुर्ती सम्बन्धी कार्यहरु |
| | ईन्धन आपुर्ति समबन्धी कार्य | ग्यास, पेट्रोल, डिजल, दाउरा, सोलार उपकरण आदी |
| | लत्ता कपडा तथा ड्रेस आपुर्ति | अस्पताल तथा स्वास्थ्य संस्थामा प्रयोग हुने कपडा तथा निर्मित झोला (न्यानो झोला समेत), झुल, एप्रोन एवम् विभिन्न ड्रेस कोड अनुसार आपुर्ति गर्नुपर्ने ड्रेस, सोफाका खोल, पर्दाहरु जस्ता समाग्री |
| | स्यानिटेसन (सरसफाई) का सामानहरु | शौचालय, धारा निर्माण एवम सरसफाईमा प्रयोग हुने विभिन्न उपकरण तथा सामाग्रीहरु |

कुमार तामाङ
अधिकृत

www.ganyapadhuramun.gov.np
email: ganapdhurarm@gmail.c
contact no: 9858788707
contact no: 9848433969


प. सं.: २०७९/०८०

| समूह | सूचिकृत हुने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| निर्माण कार्य | सार्वजनिक निर्माण/ मर्मत सम्बन्धी कार्यहरु | भवन , सडक, सिँचाइ, तटवन्धन, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण तथा मर्मत सम्भार गर्नुपर्ने कार्यहरु |
| | नर्सरी निर्माण तथा विरुवा उत्पाद र आपुर्ति | काँडेतार, पोलिथिन व्याग, बिउ, औजार, माटो तथा मल आदि र उत्पादित विरुवा आपुर्ति सम्बन्धी कार्यहरु |
| परामर्श सेवा | अध्ययन अनुसन्धान तथा अन्य परामर्श समबन्धी कार्यहरु | विभिन्न विषयमा हुने इन्जिनियरिङ्ग एवम् वातावरणविद् सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयार समबन्धी कार्यहरु |
| | सूचना प्रविधि साधनको आवधिक मर्मत तथा मेन्टेनेन्स सम्बन्धी कार्यहरु | हार्डवेयर सर्भिसिङ्ग, मेन्टिनेन्स आदि सम्बन्धी कार्यहरु |
| | सफ्टवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेभसाईट निर्माण सम्बन्धी कार्यहरु |
| | कुरियर सर्भिस | चिठ्ठिपत्र तथा स-साना पार्शल आदान प्रदान सम्बन्धी कार्य |
| | डकुमेन्ट्री तथा वृत्तचित्र निर्माण | सार्वजनिक निकायको कामकारवाही झल्किने गरि निर्माण हुने श्रव्य दृष्य सामाग्री, टेलिफिल्म, वृत्तचित्र आदि निर्माण गर्ने सम्बन्धी कार्यहरु |
| | तथ्याङ्क प्रविष्टी तथा अद्यावधिक गर्ने कार्यहरु | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिका निकायको प्रणालिमा तथ्याङ्क प्रविष्टी गरी अद्यावधिक गर्ने सम्बन्धी कार्यहरु |
| | रङ्गरोगन तथा सजावट सम्बन्धी कार्यहरु | भवन तथा झ्याल ढोका फर्निचर तथा विभिन्न संरचनाहरुमा रङ्गरोगन गर्ने, कार्पेटिङ्ग र फ्लोरिङ्ग आदि समबन्धी कार्यहरु |
| | क्याटरिङ्ग, क्यान्टिन तथा खाजा नास्ता समबन्धी कार्यहरु | क्याटरिङ्ग सेवा, पाल, मेच, टेबल आदी भाडामा उपलब्ध गराउने क्यान्टिन सेवा सञ्चालन गर्ने वा खाजा नास्ता उपलब्ध गराउने। |
| गैरसरकारी संस्थाबाट प्रवाह हुने सेवाहरु | जनचेतना अभिवृद्धि सम्बन्धी कार्यहरु | नागरिक सचेतनाको लागि आयोजना गरिने चेतनामूलक कार्यक्रम, सडक नाटक, सार्वनिक सुनुवाई जस्ता कार्यहरु |
| | अभिमूखिकरण सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्यहरु | साक्षरता कक्षा, महिला, पिछडिएका वर्ग जनजाती समुदायको सशक्तिकरण एवम् प्रवाहीकरणको लागि संचालन हुने भेला, प्रशिक्षण, गोष्ठी, तालिम आदि कार्यहरु |
| | वन तथा वातावरण संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन जस्ता कार्यहरु | वृक्षारोपण, विरुवा उत्पादन, वनजंगल तथा वन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण, हरित विकास योजना कार्यान्वयन जस्ता कार्यक्रमहरु |
| | जनसहभागीता प्रवर्द्धन गरी स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | जनसहभागिता अभिवृद्धि गरि निर्माण हुने साना सिँचाइ, तटबन्धन निर्माण , ग्रामिण सडक निर्माण, सामुदायिक भवन निर्माण आदि जस्ता कार्यहरु |
| अन्य सेवा | अन्य सामाग्री तथा सेवा | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नु अघि सूचिकृत गर्नुपर्ने प्रकारका वस्तु, सामाग्री वा सेवाहरु यस समूहमा सूचिकृत हुने वा गराउने निकायले समबन्धित सेवाको स्पेशिफिकेसन खुलाइ सूचिकृत हुनको लागि पेश गर्नुपर्नेछ। |

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकिय अधिकृत

श्री कार्यालय प्रमुख ज्यू
गन्यापधुरा गाउँपालिका
गणेशपुर, डडेल्धुरा ।

मितिः

**विषयः मौजुदा सूचीमा दर्ता गरीपाउँ ।**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपसिलः

**१. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः**

क) नामः

ख) ठेगानाः

ग) पत्राचार गर्ने ठेगानाः

घ) मुख्य व्यक्तिको नामः

ङ) टेलिफन नं./ मोबाइल नं.:

**२. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला ।**

क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐

ख) नविकरण गरिएको छ ☐ छैन ☐

ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐

घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐

ङ) कुन खरिदको लागि मौजुदा सूचकिमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन । ☐

**३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाकेको खरिदको प्रकृतिको विवरणः**

क) मालसामान आपूर्ति (मालसामानको प्रकृति समेत उल्लेख गर्ने):

ख) निर्माण कार्यः

ग) परामर्श सेवा (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने):

घ) अन्य सेवा (अन्य सेवाको प्रकृति उल्लेख गर्ने)

निवेदन दिएको मितिः
आ.व.:

फर्मको छाप

निवेदकको नामः
हस्ताक्षरः